सरावल गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

**प्रथम पटक सूचना प्रकाशन मितिः२०७७।११।११**

संघीय सरकारको बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत धान तथा मकैबालीमा प्रविधि विस्तार यान्त्रिकरण प्रवर्धन,पुर्वाधार विकास एंव बजार व्यवस्थापन लगायतका कियाकलापहरुलाई एकिकृत रुपमा मिशन कार्यक्रमको रुपमा संचालन गरी धान मकैको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि धान/चामल तथा मकैको आयात प्रतिस्थापनमा सहयोग पुर्याउने तथा परम्परागत अन्न एंव कोदोजन्य स्थानीय तथा रैथाने बालीहरुको प्रवर्धन मार्फत उत्पादन तथा उपभोग बढाई खाद्य तथा पोषण सुरक्षा सुधार गर्ने तथा खद्यान्न आयात कम गरि आत्मनिर्भरता बढाउने उद्देश्यका साथ यस सरावल गाँउपालिकामा आ. व. २०७७/०७८ मा धान बिषेश कार्यक्रम संचालन हुने संहर्ष जानकारी गराउदैछौ ।

यसै सन्दर्भमा यस सरावल गाँउपालिका को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत धान बिषेश कार्यक्रममा आवद्धताको लागि योग्यता पुग्ने इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी एवं जल उपभोक्ता समितिहरुको सूची तयार गर्नु परेकोले कार्यालयबाट निर्धारित ढाँचाको आवेदन साथ आवश्यक कागजातहरु सहित प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन(चैते धानको लागि ७ दिन) भित्र यस सराबल गाँउपालिकाको कृषि विकास शाखामा कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी तथा जलउपभोक्ता समितिहरुलाई प्रस्ताव पेश गर्नुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ।

| मापदण्डहरु | धान बिषेश कार्यक्रम | |
|---|---|---|
| तोकिएको बाली | धान | |
| परियोजना संचालन हुने क्षेत्र | सरावल गा.पा. वडा नं.१,२, ३ र ४ र ५ | |
| परियोजना संचालन हुने आवश्यक न्युनतम क्षेत्रफल | २० हेक्टर | |
| चैते धान क्षेत्रफल बिस्तार तथा प्रदर्शन | चैते धान उत्पादनको लागि आवश्यक समाग्री, सिंचाईको व्यवस्था तथा रोगकिरा नियन्त्रण ईत्यादी किसिमको सहयोग उपलब्ध गराउन सकिनेछ । | वडा नं. ६ र ७ को लागि मात्र |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | **चालु अनुदानः** नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, उन्नत धान खेति विस्तार/ धान खेति प्रवर्दनका लागि उत्पादन सामग्री सहयोग।<br>**पूँजीगत अनुदानः** कृषि यान्त्रीकरण तथा कृषि औजार उपकरणहरुमा अनुदान सहयोग, साना सिंचाई पूर्वाधार निर्माण आदि। | |
| हुनु पर्ने सेवा/सुविधा/पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुनसक्ने (ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने (ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा रहेको (ङ) वित्तीय संस्थाहरुको पहुंच भएको (च) बजारको उपलब्धता भएको वा हुनसक्ने। | |

प्रमुख प्रशासकीय अधिकृत

**आवेदनका साथ आवश्यक कागजातहरु**

1. कार्यालयले तोकेको ढाँचाको पूर्णरुपले भरिएको आवेदन फारम
2. आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
3. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यम तथा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी(संस्था/सहकारी/उद्यमीको हकमा अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी समेत)
4. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीहरुको निर्णयको प्रतिलिपी (सामुहिक भएमा)
5. प्रस्तावित धान खेती गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपी
6. जग्गा करारमा लिई धान खेति गर्ने भए कम्तिमा ५ वर्षको करार लिएको जग्गाको लालपुर्जा सहित करारनामाको प्रतिलिपी
7. सम्बन्धित वडा कार्यालयको धान ब्लकमा आवद्धताका लागि सिफारिस पत्र

प्रमुख प्रशासकीय अधिकृत